प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. १, विराटनगर ।

फोन नं. ०२१-४७०१६६, ४७०१८९
फ्याक्स नं. ०२१-४७०१६१
ई-मेलः ocmcm1@gmail.com
वेवसाईटःwww.ocmcm.p1.gov.np

प.स.
च.नं

मिति : २०७९।१०।२२

## प्रदेश सरकारको सेवा प्रवाह र विकास व्यवस्थापनको स्थितिपत्र सम्बन्धी प्रेस विज्ञप्ति

प्रदेश नं. १, प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०९।२५ गते बसेको वैठकको निर्णयानुसार प्रदेश सरकारको हालसम्मको सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी वस्तुस्थिति अध्ययन गरी २१ दिनभित्र प्रतिवेदन पेश गर्न प्रमुख सचिवको संयोजकत्वमा सबै मन्त्रालयका सचिव सदस्य र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सदस्य-सचिव रहने गरी कार्यदल गठन भएकोमा उक्त कार्यदलले प्रदेश सरकारको सेवा प्रवाह र विकास व्यवस्थापनको हालसम्मको अवस्थाको अध्ययन गरी तयार गरेको प्रतिवेदन मिति २०७९।१०।२२ गते माननीय मुख्यमन्त्रीज्यू समक्ष पेश गरेको छ ।

प्रतिवेदनमा यस अघि कायम रहेका १३ मन्त्रालय तथा निकायहरुको कार्य सम्पादनको अवस्थालाई कार्यक्षेत्र, साधनस्रोत, बजेट कार्यान्वयनको अवस्था, प्राप्त उपलब्धि, बेरुजुको अवस्था, समस्या, समस्या समाधानका उपाय, नविनतम प्रयोग र समष्टिगत उपलब्धि जस्ता शीर्षक अन्तरगत विश्लेषण गरिएको छ । पहिलो प्रदेश सरकार गठन पश्चात हालसम्मको अवधिमा प्रदेशको आर्थिक तथा सामाजिक परिसूचकहरुमा सुधारका संकेत देखिएको अध्ययनको निष्कर्ष रहेको छ । त्यस्तै भौतिक परिसूचकहरुमा पनि सुधार देखिएको छ ।

प्रतिवेदनमा बजेट खर्चको क्षमता अभिवृद्धि गर्नुपर्ने, विनियोजन दक्षता बढाउनु पर्ने, रिक्त दरवन्दीमा पदपूर्ति गर्नुपर्ने, आन्तरिक आयमा अभिवृद्धि गर्नुपर्ने, आर्थिक अनुशासन कायम एवं वित्तीय जोखिम न्यूनिकरण गर्नुपर्ने र प्रदेशको सन्तुलित विकास गर्नु पर्ने लगायतका सुझावहरु दिइएको छ । प्रस्तुत स्थिति पत्रले विगतको विकास प्रयास र प्रदेश सरकारले प्रवाह गरेको सेवाको वस्तुस्थिति झल्काउन सहयोग पुग्नुको साथै आगामी दिनमा विकास व्यवस्थापन र सेवा प्रवाहलाई प्रभावकारी ढंगले अगाडि बढाउन आधार तयार गर्ने कार्यमा प्रदेश सरकारलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

(ईश्वर कुमार गिरी)
प्रदेश सचिव